बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८१ फागुन १३ गते मंगलवारका दिन कार्यपालिकाको बैठक वसी निर्णय गरीयो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री तिर्थ बहादुर अछामी | कार्यपालिका सदस्य | |
| १८ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १९ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| २० | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २१ | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २२ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २३ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २४ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २५ | श्री राममणि अधिकारी | प्रमुख प्रशासकीय अधिकृत(सदस्य सचिव) | |

CamScanner

## प्रस्तावहरु

१. राष्ट्रिय योजना आयोगबाट योजना माग गर्ने सम्बन्धमा।

२. ICT भवनको म्याद थप सम्बन्धमा ।

३. संस्कृती तथा पर्यटन प्रवर्द्धन समितिको कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।

४. बर्दिवास अस्पतालमा कार्यरत अ.न.नी. छैठौं श्री रिता यादव (क.सं.नं. २१५०७९) कोअध्ययन विदा स्विकृत सम्बन्धमा।

५. बर्दिवास अस्पतालमा एक जना स्त्री रोग विशेषज्ञ र एक जना दन्त विशेषज्ञ चिकित्सक नियुक्ति सम्बन्धमा।

६. कार्यविधि स्विकृती सम्बन्धमा

७. आर्थिक सहायता

८. मगर दिवस र माझी दिवसमा सार्वजनिक विदा सम्बन्धमा ।

९. अन्य

## निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रिय योजना आयोगबाट प्राप्त समपूरक तथा विशेष तर्फको विगत आ.व. का योजनाहरुलाई निरन्तरता दिने र देहायका योजनाहरु थप गर्ने निर्णय गरियो ।

**विगतका योजनाहरु**

१ बर्दिवास १३ मा भेटनरी अस्पताल निर्माण क्रमागत

२ चेरु जोवाटो सनी पेटी देखि पंचधुरा मा.वि. सम्म सडक निर्माण क्रमागत

३ अधुरो सितभण्डार निर्माण

**नयाँ योजनाहरुः समपूरक तर्फ**

१. जलेश्वर राजमार्गबाट तल भब्सी हुँदै चल्की हुँदै वर टोल सम्मा सडक कालोपत्रे,

२. वडा न ४ मा माईस्थान सन्दीप मण्डलकको घरदेखी नयाँटोल पुल सम्म कालोपत्रे सडक

३. भप्सी नेपाली मगर टोल देखि वर डाँडा ट्रान्समिटर सम्म कालो पत्रे

**नयाँ योजनाहरुः विशेष तर्फ**

१. खयरमारा खानेपानी योजना

२. पाटु खानेपानी योजना

३. वडा नं.७ प्रेमनगर खानेपानी योजना

प्रस्ताव नं. २ माथि छलफल गर्दा नगर कृषि कार्यक्रम अन्तर्गत निर्माण भएको ICT भवनको निर्माण सम्बन्धि कार्य सम्पन्न भई भुक्तानी गर्नु पर्ने भएको हुँदा उक्त भवनको ठेक्का म्याद मिति २०८१/०२/३० गते समाप्त भएकोले मिति २०८२ असाढ मसान्त सम्म पुनः म्याद थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा संस्कृती तथा पर्यटन प्रवर्द्धन समितिको लागी पर्यटन प्रवर्द्धन शिर्षकमा विनियोजित ३९,०००००/- (अक्षरेपी उन्नचालीस लाख मात्र) बाट तपशिल बमोजिम कार्यक्रम संचालन गर्न स्विकृती दिने निर्णय गरियो ।

क. पञ्चधुरा माईस्थान मन्दिर परिशरमा निर्मित पोखरीमा निरन्तर पानिको व्यवस्थापनका लागि वोरिङ्ग जडान,

ख. ऐतिहासिक मन्दिर परिशरमा निर्मित पोखरीको अधुरो प्याराफिट सम्पन्न गर्ने,

ग. फुड फेस्टिवल संचालन,

घ. पर्यटन प्रवर्द्धनका लागि कला/सांस्कृतिक/साहित्यिक कृयाकलाप,

ङ. गिद्ध संरक्षण तथा अवलोकन भ्रमण,

च. वर्दिवास न.पा. १० मा रहेको छाँगाको संरक्षण/सौन्दर्यीकरण/प्रचार प्रसार तथा माईदोभानलाई पार्कलाई सौन्दर्यकरण गर्ने,

छ. कालापनी पिकनिक स्पोर्टमा सौन्दर्यकरण सम्बन्धी कार्य

प्रस्ताव नं ४ माथि छलफल गर्दा वर्दिवास अस्पतालमा कार्यरत अ.न.नी. छैठौं श्री रिता यादव (क.सं.नं. २१५०७९) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाडौं र स्वास्थ्य सेवा विभाग टेकु काठमाडौंको पुर्व स्विकृती लिई NAMS मा पुर्ण छात्रवृतिमा छनौट भई ३ बर्षका लागि निजामति कर्मचारी अस्पताल नर्सिङ्ग क्याम्पस मिन भवन काठमाडौंमा अध्ययनका लागि अध्यय विदा स्विकृत गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा वर्दिवास अस्पताल व्यवस्थित र प्रभावकारी रुपमा संचालन भैरहेको प्रस्तुति सेवाका लागि स्त्रीरोग विशेपज्ञ डा. कृष्णा महर्जन सरुवा भई अन्य गएकाले सेवा लाई निरन्तरता दिन नेपाल सरकारको सर्शत सेवा (CEONC) विनियोजित रकमवाट स्त्री रोग विशेपज्ञ डा शंकर प्रसाद राउतलाई नवौं तहको शुरु स्केलको तलवमा १०० % थप गरी आवश्यक सम्झौता अनुसार करार सेवामा मिति २०८१/०८/२१ गते देखि लागु हुने गरी नियुक्त गर्ने साथै दन्त सेवाको लागि डा. रुपा कर्णलाई नेपाल सरकारको आठौं तहको सुरु /स्केल वरावरको तलव भत्ता उपलव्ध गराउने गरी मिति २०८१/०८/०१ गते देखि करार सेवामा सम्झौता गरी नियुक्त गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा देहाय अनुसारको कार्यविधि स्विकृति गर्ने निर्णय गरियो

क. व्यवसायिक कृषि फार्म दर्ता कार्यविधि २०८१

ख. व्यवसायिक पशु विकास फार्म दर्ता कार्यविधि २०८१ स्विकृति गर्ने ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा देहाय वमोजिम आर्थिक सहायता दिने निर्णय गरियो ।

क. वडा नं. २ बस्ने वविमाया पुलामी मगरको आमाजु सरीता कुमारी मगरलाई स्वास्थ्य आर्थिक सहायताको लागि ९० हजार दिने ।

ख. वर्दिवास ५ टुटेश्वरमा रहेका देहायका व्यक्तिहरुको घरमा हातीले क्षेति पुर्‍याएकोले निम्न वमोजिम आर्थिक सहयाता गर्ने निर्णय गरियो ।

फेकू राय २० हजार, लखिन्द्र यादव ३० हजार र रेवती प्रसाद यादव ५१ हजार

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मगर दिवस २०८१ फाल्गुन १५ गते र माझि दिवसको दिन नगर स्तरीय सार्वजनिक विदा दिने निर्णय गरियो ।

प्रस्ताव नं. ९ मा बर्दिवास नगरपालिका क्षेत्र भित्र नदीजन्य पदार्थको उत्खन्न, संकलन, विक्रि र व्यवस्थापन तथा नियमन सम्वन्धि कार्यविधि २०७९ को दफा १५ को उपदफा २ र ३ बमोजिम देहाय अनुसारको अनुगमन तथा समन्वय समिति गठन गर्ने निर्णय गरियो।

| क्र.सं. | पद/ प्रतिनिधि विवरण | नाम | समितिको पद | कैफियत |
|---|---|---|---|---|
| | नगर उप-प्रमुख | तारा देवी | संयोजक | |
| | प्रमुख प्रशासकीय अधिकृत | राममणि अधिकारी | सदस्य | |
| | ६,७,९ वडाका वडा अध्यक्षहरु | -पदम बहादुर आले<br>- रामस्वगारथ यादव<br>-घुरन महतो | सदस्य | |
| | ईलाका प्रशासन कार्यालय बर्दिवासको प्रतिनिधि | | सदस्य | |
| | ईलाका प्रहरी कार्यालय बर्दिवासको प्रतिनिधि | | सदस्य | |
| | नगरपालिकाको तोकेको ईन्जिनियर | | सदस्य | |
| | नगरपालिकाको राजश्व शाखा प्रमुख | | सदस्य सचिव | |